# नहर संचालन योजना

# नहर संचालन योजना ब्लक नं. ८

नारायणी सिंचाई प्रणाली ब्लक नं. ८ मा नेपाल पूर्वी नहर (एनईसी) को चेनेज ३०+६५० कि.मी. मा अवस्थित बंगरी खोला र चेनेज ४१+५९४ कि.मी. मा रहेको पसहा खोला बीचको सिंचित क्षेत्र पर्दछ । यस ब्लक अन्तर्गत फेटा, भलुही, भरवलिया, बरैनिया, बतरा, रघुनाथपुर, मटिअर्वा र बसतपुर गा.वि.स.हरुमा पर्ने २७६८ हेक्टर जग्गामा सिंचाई सेवा पुऱ्याउनको लागि एउटा मूल शाखा नहर (एमएससी), ६ वटा शाखा नहर (बीएससी), १४ वटा उपशाखा नहर (एसएसएसी) र १०२ वटा टर्सरी नहरहरु निर्माण गरिएका छन् ।

ब्लक नं. ८ को मूल शाखा नहर (एमएससी) नेपाल पूर्वी नहरको चेनेज ३४+५९१ कि.मी. बाट निस्केको छ । यस नहरको लम्बाई ४.४५ कि.मी., सिंचित क्षेत्र ८९५ हेक्टर र डिजाईन डिस्चार्ज ( प्रति सेकण्ड पानीको बहाव क्षमता) १.०५५ क्यूमेक अर्थात् १०५५ लीटर प्रति सेकण्ड रहेको छ । एमएससीबाट बीएससी–२ शाखा नहर र कुल ३१ वटा टर्सरी नहरहरु निकालिएका छन् । यसमा बीएससी–२ शाखा नहर र ४ वटा उपशाखा नहरबाट निकालिएका टर्सरी नहरहरु समेत जोडिएको छ ।

## तालिका १ - मेन सेकण्ड्री नहरको विवरण

| मेन सेकण्ड्री नहरको नाम | माथिल्लो तहको नहरको चेनेज (कि.मी.) | नहरको लम्बाई (कि.मी.) | सिंचित क्षेत्र (हेक्टर) | डिजाईन डिस्चार्ज (लीटर प्रति सेकण्ड) | टर्सरी नहरको संख्या |
|---|---|---|---|---|---|
| एमएससी | नेपाल पूर्वी नहर, ३४+५९१ | ४.४५ . | ८९५ | १०५५ | ३१ वटा |

६ वटा शाखा नहरहरु मध्ये बीएससी–२ शाखा नहर बाहेक अन्य ५ वटा शाखा नहरहरु नेपाल पूर्वी नहरको विभिन्न चेनेजबाट निकालिएका छन् । शाखा नहरहरुको विवरण तालिकाको रुपमा तल तालिका २ मा दिइएको छ ।

## तालिका २ - ब्रान्च सेकण्ड्री नहरहरुको विवरण

| शाखा नहरको नाम | माथिल्लो तहको नहरको चेनेज (कि.मी.) | नहरको लम्बाई (कि.मी.) | सिंचित क्षेत्र (हेक्टर) | डिजाईन डिस्चार्ज (लीटर प्रति सेकण्ड) | टर्सरी नहरको संख्या |
|---|---|---|---|---|---|
| बीएससी–१ | नेपाल पूर्वी नहर, ३१+६६७ | ४.८५० . | ५५२ | ६५७ | २२ वटा |
| बीएससी–२ | एमएससी, २+१६९ | २.७००. | ३०८ | ३७२ | १० वटा |
| बीएससी–३ | नेपाल पूर्वी नहर, ३६+५५७ | २.३८० | ४६४ | ५४६ | १६ वटा |
| बीएससी–४ | नेपाल पूर्वी नहर, ३८+८८१ | २.१३० | २२३ | २६७ | ९ वटा |
| बीएससी–५ | नेपाल पूर्वी नहर, ३९+१८१ | २.१०० | १२९ | १५२ | ४ वटा |
| बीएससी–६ | नेपाल पूर्वी नहर, ४०+७८१ | २.१५० | २६९ | ३१७ | ११ वटा |

त्यस्तै, १४ वटा उपशाखा नहरहरु मध्ये ४ वटा उपशाखा नहरहरु नेपाल पूर्वी नहरको विभिन्न चेनेजबाट निकालिएका छन् । बाकी उपशाखा नहरहरु विभिन्न शाखा नहरहरुबाट निकालिएका छन् । उपशाखा नहरहरुको विवरण तालिकाको रुपमा तल तालिका ३ मा दिइएको छ ।

तालिका ३ - सब सेकण्ड्री नहरहरुको विवरण

| उपशाखा नहरको नाम | माथिल्लो तहको नहरको चेनेज (कि.मी.) | नहरको लम्बाई (कि.मी.) | सिंचित क्षेत्र (हेक्टर) | डिजाईन डिस्चार्ज (लीटर प्रति सेकण्ड) | टर्सरी नहरको संख्या |
|---|---|---|---|---|---|
| एसएसएसी–१ | एमएससी, ०+६२९ | ०.२२१ | २६९ | ९७ | ३ वटा |
| एसएसएसी–२ | एमएससी, २+८७६ | ०.७४३ | २६९ | १०९ | ३ वटा |
| एसएसएसी–३ | एमएससी, ३+८७१ | ०.४७५ | २६९ | १०५ | ३ वटा |
| एसएसएसी–४ | एमएससी, ४+४५० | ०.३७६ | २६९ | ८१ | २ वटा |
| एसएसएसी–५ | एनइसी, ३२+१०० | १.३२० | २६९ | १२७ | ४ वटा |
| एसएसएसी–६ | बीएससी–१, ०+५७२ | ०.९६३ | २६९ | ७१ | २ वटा |
| एसएसएसी–७ | बीएससी–१, ०+९५९ | ०.२९३ | २६९ | ४९ | २ वटा |
| एसएसएसी–८ | बीएससी–३, ०+०४१ | १.५१८ | २६९ | ११५ | ४ वटा |
| एसएसएसी–९ | बीएससी–३, ०+०४१ | ०.४१० | २६९ | ६१ | २ वटा |
| एसएसएसी–१० | बीएससी–४, ०+६२६ | ०.५६० | २६९ | ११६ | ४ वटा |
| एसएसएसी–११ | बीएससी–६, ०+८३७ | ०.९४७ | २६९ | ५३ | ४ वटा |
| एसएसएसी–१२ | नेपाल पूर्वी नहर, ३४+०४८ | ०.९०० | ७९ | ९३ | ३ वटा |
| एसएसएसी–१३ | नेपाल पूर्वी नहर, ३७+९१८ | ०.७०० | ९९ | ११७ | ४ वटा |
| एसएसएसी–१४ | नेपाल पूर्वी नहर, ४०+३२६ | ०.५० | ५८ | ६८ | २ वटा |

नारायणी सिंचाई प्रणाली ब्लक नं. ८ अन्तर्गत पर्ने एमएससी, बीएससी, एसएससी र टर्सरी नहरहरुको संचालन र व्यवस्थापनको लागि जल उपभोक्ताहरुले एउटा नारायणी सिंचाई प्रणाली जल उपभोक्ता संस्था, ब्लक नं. ८ गठन गरी नारायणी सिंचाई व्यवस्थापन डिभिजनमा दर्ता तथा नयाँ निर्वाचन भई नविकरण समेत भई सक्रियता साथ सहभागिता रहेको छ ।

# नारायणी सिंचाई प्रणाली ब्लक नं. ८ को नहर संचालन योजना

## १. बर्षे बालीको लागि नहर संचालन योजना

## १.१ नेपाल पूर्वी नहरबाट शाखा नहरहरुको लागि

### नेपाल पूर्वी नहरमा पानीको उपलब्धता

नेपाल र भारत बीच भएको गंडक सन्धि (१९५९ ई.) को सन्दर्भमा, नेपाल र भारत सरकार बीच अक्टूबर २७, १९७१ मा भएको मीटिंगमा नेपालले दोन शाखा नहरबाट बर्षभरी (दोन शाखा नहर मर्मत सम्भारको लागि बन्द गरिएको बाहेक) २४.१ घनमीटर प्रति सेकण्ड (८५० क्यूसेक) पानी पाउने सहमति भएको थियो । त्यस्तै, नवम्बर ११, १९७९ मा भएको गण्डक र कोशी उच्चस्तरीय मीटिंगमा दोन शाखा नहर खोल्ने र बन्द गर्ने समयमा निम्नानुसार सहमति भएको थियो :

धानबालीको लागि : दोन शाखा नहर ११ अप्रैलमा खोलिने र ३० अक्टूबरमा बन्द गरिने
गहूँबालीको लागि : दोन शाखा नहर १ दिसम्बरमा खोलिने र १० मार्चमा बन्द गरिने

तर यसको पालन भएको छैन् ।

उपरोक्त सहमतिहरु अनुसार नेपालले भारत (बिहार) को दोन शाखा नहरबाट नेपाल पूर्वी नहर (मूलनहर) को लागि वर्षायाममा धानबालीको लागि ११ अप्रैल देखि ३० अक्टूबर सम्म (दोन शाखा नहर मर्मत सम्भारको लागि बन्द गरिएको बाहेक) २४.१ घनमीटर प्रति सेकण्ड (८५० क्यूसेक) पानी पाउन सक्दछ । तर, नेपाल पूर्वी नहरको सन् २००० देखि २०१० सम्मको पानी मापनको रेकर्ड अनुसार नेपाल पूर्वी नहरमा अधिकतम लगभग २२ घनमीटर प्रति सेकण्ड र औसतमा १५ देखि १६ घनमीटर प्रति सेकण्ड (क्यूमेक) को दरले पानी उपलब्ध भएको देखिन्छ ।

त्यस्तै, सिंचाई विभाग र नारायणी सिंचाई प्रणाली जल उपभोक्ता समन्वय समिति ब्लक नं. ८ बीच भएको सिंचाई व्यवस्थापन हस्तान्तरण सम्झौता पत्रको अनुसूची ८ अनुसार नेपाल पूर्वी नहरबाट निस्किने शाखा प्रशाखा नहरहरुमा डिजाईन डिस्चार्ज बमोजिम पानी उपलब्ध गराईने, तथापि डिजाईन डिस्चार्ज अनुसार पानीको मात्रामा नेपाल पूर्वी नहरको पानीको पानीको उपलब्धताको आधारमा सिंचाई कार्यालयले ५ देखि १० प्रतिशत सम्म थपघट गर्न सक्ने सहमति भएको देखिन्छ । तर NEC मा पानी अप्रिलमा नभई जुनको अन्तिम वा जुलाईको पहिलो सातामा मात्र प्राप्त गर्ने गरेको छ । साथै पानी अचानक कम भई रहने अवस्थामा नहर संचालनको व्यवस्था गर्नु पर्ने हुन्छ ।

## नहर संचालनको वर्तमान अभ्यास

हाल नारायणी सिंचाई व्यवस्थापन डिभिजन, पर्सा ले असार १ गते देखि असोज १५ गते सम्म नेपाल पूर्वी नहर बाट रोटेशन (आलो पालो) सिस्टम अनुसार साताको ३ दिन पर्सा जिल्ला अन्तर्गतको ब्लक १ देखि ६ सम्मको शाखा प्रशाखा नहरहरुमा पानी छोडने र बाकी ४ दिन (१ दिन बाटो म्याद समेत गरी) बारा जिल्ला अन्तर्गतको ब्लक ७ देखि १२ सम्मको शाखा प्रशाखा नहरहरुको लागि पानी छोडने गरेको छ ।

## ब्लक नं. ८ का शाखा प्रशाखा नहरहरुको लागि पानीको उपलब्धता

बर्षे बालीको लागि दोन शाखा नहरबाट छोडिने पानीको सन्दर्भमा नेपाल र भारत बीच भएको उपरोक्त सहमतिहरु र नारायणी सिंचाई व्यवस्थापन डिभिजन, पर्सा ले लागू गरेको नहर संचालनको वर्तमान रोटेशन प्रणाली तथा सिंचाई विभाग र नारायणी सिंचाई प्रणाली जल उपभोक्ता समन्वय समिति ब्लक नं. ८ बीच भएको सिंचाई व्यवस्थापन हस्तान्तरण सम्झौता पत्रको अनुसूची ८ लाई मध्येनजर राख्दा, नारायणी सिंचाई प्रणाली ब्लक नं. ८ अन्तर्गतका शाखा प्रशाखा नहरहरुले नेपाल पूर्वी नहरबाट बर्षे बालीको लागि रोटेशन (आलो पालो) सिस्टम अनुसार साताको ३ दिन सम्म नहरको डिजाईन डिस्चार्ज बराबर पानी प्राप्त गर्न सक्दछन् । अचानक एन.ई.सी. (NEC) बन्द हुँदै वा डिस्चार्ज घटदा उपलब्ध पानीबाट समानुपातीक हिसाबले पानी वितरण गरिने पद्धतिको हिसाब ज.उ.स.लाई जानकारी तथा क्षमता अभिबृद्धि गरिएको छ । ज.उ.स. सक्षम रहेको छ ।

## नेपाल पूर्वी नहरबाट शाखा नहरहरुमाको पानी आपूर्ति तालिका

पानीको निरंतर अभाव देखिएकोले नहर संचालन व्यवसथित गर्न ब्लक–८ लाई परिक्षणको रुपमा दुई भागमा वाडिएको छ र आलो पालो गरि पानी उपलब्ध / नहरमा पानी दिने व्यवस्था राम्रो हुने छ ।

पहिलो – (१) वंगरी देखि एम.एस. सम्म यस अन्तर्गत शाखा–१, एम.एस.सी. तथा शाखा नहर–२ गरि १७५५ हेक्टरमा पानीको पालो दिने ।

दोस्रो – (२) एम.एस. भन्दा पुर्वमा रहेको क्रस रेगुलेटर पछि–शाखा–३, शाखा–४, शाखा–५ र शाखा–६ को लागि पानी छोडने यस भागको सिंचाई हुने क्षेत्र १०८५ हेक्टर पर्न आयछ ।

व्लक–८ को लागि ३ दिनेको पालो पर्ने वृहस्पतिवार, शुक्रवार, शनिवार गरि ३ दिनमा ७२ घंटा पानी उपलब्ध भएमा क्षेत्रफलको आधारमा पहिलो समुहलाई ४४ घंटाको पालो पर्छ भने दोश्रो समुहलाई २८ घंटाको पालो पर्न जान्छ । पानी खुल्ने र वन्द हुने समय तालिका समन्वय समितिले र कार्यालय अनुसार विना कुनै ढिलाई तोकिएको क्षेत्रमा पानी छोडन सक्नु पर्छ ।

यसको हिसाब गणना निम्न अनुसार हुने छ । यस पानी वितरण प्रयोजनको लागि प्रत्येक शाखाको गेट दुरुस्त, चालु र नियन्त्रणमा हुनु पर्छ ।

नारायणी सिंचाई व्यवस्थापन डिभिजन, पर्सा ले बर्षे बालीको लागि नेपाल पूर्वी नहरबाट ब्लक नं. ८ को शाखा नहरहरुमा **८ डिसम्वर देखि फरवरी मसान्त सम्म** तालिका ४ अनुसार रोटेशन सिस्टम लागू गरी तालिका ५ बमोजिम फुल सप्लाई डिजाईन डिस्चार्ज अनुसार एकमुष्ट पानी आपूर्ति गर्ने छ । पानीको निरंन्तर अभावका कारण रोटेसन प्रणाली–आलो पालो गर्नु पर्ने वाध्यता रहेको छ । उपलव्ध पानीलाई माथि उल्लेखित सिद्धान्तमा आधारीत पानी वितरण प्रकृया अपनाउनु पर्ने हुन्छ । आन्तिरिक रोटेशन अनुभवको आधारमा दोस्रो चरणमा संसोधन गरी पुनः आलो पालो मिलाउनु पर्ने हुन्छ ।

**तालिका ४**

| *नेपाल पूर्वी नहरबाट निस्केका मूल शाखा नहर र शाखा नहरहरु* | *पानी बन्द गर्ने दिन र समय* | *पानी आपूर्ति गर्ने दिन र समय* |
|---|---|---|
| *बीएससी-१ एमएससी बीएससी- २* | *प्रत्येक आईतवार बिहान ६ बजे देखि बिहीवार बिहान ६ बजे सम्म बन्द रहने* | *प्रत्येक शुक्रवार विहान १० बजे देखि आइतवार बिहान ६ बजे सम्म खुल्ला रहने* |
| *बीएससी-३, बीएससी-४, बीएससी-५, र बीएससी-६* | *(३ दिन ब्लक १ देखि ६ को लागि र १ दिन बाटोम्याद बापत)* | *प्रत्येक बिहीवार विहान ६ बजे देखि शुक्रवार बिहान १० बजे सम्म खुल्ला रहने* |

**तालिका ५**

| क. सं. | नेपाल पूर्वी नहरको चेनेज | शाखा नहरको नाम | कमाण्ड क्षेत्र (हे.) | डिजाईन डिस्चार्ज (लीटर प्रति सेकण्ड) |
|---|---|---|---|---|
| १ | ३१+६६७ | बीएससी-१ | ५५२ | ६५७ |
| २ | ३४+५९१ | एमएससी | ८९५ | १०५५ |
| ३ | ३६+५५७ | बीएससी-३ | ४६४ | ५४६ |
| ४ | ३८+८८१ | बीएससी-४ | २२३ | २६७ |

| | | | | |
|---|---|---|---|---|
| ५ | ३९+१८१ | बीएससी-५ | १२९ | १५२ |
| ६ | ४०+७८१ | बीएससी-६ | २६९ | ३१७ |

उपरोक्त अनुसारको पानीको मात्रामा नेपाल पूर्वी नहरको पानीको उपलब्धताको आधारमा सिंचाई डिभिजन कार्यालयले थपघट गर्न सक्ने छ ।

## १.२ शाखा नहरहरुबाट उपशाखा र टर्सरी नहरहरुको लागि

टर्सरी नहरहरुको लागि १ लीटर प्रति सेकण्ड प्रति हेक्टर का दरले पानी आवश्यक पर्ने हिसाब गरी एमएससी र बीएससी शाखा नहरहरुको पानी वितरण कार्य क्षमता (Water Distribution Efficiency) ८५% मानेर ती शाखा नहरहरुको डिजाईन डिस्चार्ज १.१८ लीटर प्रति सेकण्ड प्रति हेक्टर का दरले गणना गरिएको छ । तर एमएससी र बीएससी शाखा नहरहरुमा डिजाईन डिस्चार्ज अनुसार पानी आपूर्ति गर्दा पनि पुछारका टर्सरी नहरहरुमा पानी नपुगेको र कम पानी पुगेको गुनासो जलउपभोक्ता किसानहरुले गर्ने गरेका छन् । शाखा नहरको शिरानका जल उपभोक्ताहरुको बढी पानी लिने प्रवृत्ति र शाखा नहरमा जथाभावी पाईप घुसारी पानी लिने प्रवृत्ति, तथा शाखा नहरको सिंचाई संरचनाबाट पानी चुहिने एवं बेडमा उम्रेका अत्याधिक झारपातले गर्दा यो समस्या उत्पन्न भएको देखिन्छ ।

त्यसैले, उपरोक्त समस्याहरु प्रायः बिद्यमान रहने वास्तविकता र पुछारका टर्सरी नहरहरुबाट सिंचाई गर्ने जलउपभोक्ता किसानहरुलाई न्यायोचित र समानुपातिक रुपमा पानी दिनु पर्ने आवश्यकताको परिप्रेक्ष्यमा शाखा नहरहरुलाई रोटेशन (आलो पालो) गरी पानी वितरण गर्नु आवश्यक छ । तथापि, शाखा नहर अन्तर्गतका टर्सरी नहरहरु बीच गरिने रोटेशन सिस्टम डिजाईन गर्दा सबै टर्सरी नहरहरुमा न्यायोचित र समानुपातिक पानी पुग्ने र पानी वितरण कार्य क्षमता (Water Distribution Efficiency) सम्भावित उच्चतम हुने गरी डिजाईन गर्नु पर्दछ । यस कार्यमा सहयोग गर्न ज.उ.स. का टोली टर्सरी नहर दुरुस्त राख्नु पर्ने र मुल तथा शाखा नहरमा डिसिल्टीङ्ग नभएको समय (वर्ष) मा झाड काटने नहर सफा राख्ने परिपाटी गर्नु जरुरी हुन्छ ।

**शाखा नहर अन्तर्गतका टर्सरी नहरहरु बीच रोटेशन सिस्टम लागू गर्दा शाखा नहरहरुमा डिजाईन क्षमता बमोजिम पानी आपूर्ति (सप्लाई) गरिने छ ।**

### १.२.१ एमएससी मूल शाखा नहरको पानी वितरण तालिका

एमएससी मूल शाखा नहरको सिंचित क्षेत्रमा ३१ वटा टर्सरी नहरहरुद्वारा सिंचाई सेवा सुविधा प्रदान गरिएको छ । यी मध्ये १० वटा टर्सरी नहरहरु बीएससी-२ शाखा नहरबाट र बाकी २१ वटा टर्सरी नहरहरु एमएससी नहरबाट डाइरेक्ट र यसका ४ वटा उपशाखा नहरहरुबाट निस्केका छन् ।

सबै टर्सरी नहरहरुमा न्यायोचित र समानुपातिक पानी पुग्ने र पानी वितरण कार्य क्षमता (Water Distribution Efficiency) सम्भावित उच्चतम हुने गरी रोटेशन सिस्टम अनुसार पानी वितरण गर्नको लागि उपरोक्त ३१ वटा टर्सरी नहरहरुलाई कमाण्ड क्षेत्र लगभग समान हुने गरी निम्नानुसार ३ समूहमा बाँडिएको छ ।

प्रथम समूह : एमएससी नहरको शिरान खण्ड (चेनेज ०+००० कि.मी. देखि चेनेज २+५३४ कि.मी.) बाट निस्केका ५ वटा डाइरेक्ट टर्सरी नहरहरु र उपशाखा नहरहरु एसएससी १ बाट निस्केका ३ वटा टर्सरी नहरहरु र बीएससी २ को शिरान खण्ड (चेनेज ०+००० कि.मी. देखि चेनेज १+०७४ कि.मी.) बाट निस्केका ३ वटा टर्सरी नहरहरु गरी जम्मा ११ वटा टर्सरी नहरहरु,

दोस्रो समूह : एमएससी नहरको मध्य खण्ड (चेनेज २+८७७ कि.मी. देखि चेनेज ३+४६० कि.मी.) बाट निस्केका ४ वटा डाइरेक्ट टर्सरी नहरहरु र उपशाखा नहर एसएससी २ बाट निस्केका ३ वटा टर्सरी नहरहरु र बीएससी २ शाखा नहरको मध्य खण्ड (चेनेज १+२३२ कि.मी. देखि चेनेज २+२४५ कि.मी.) बाट निस्केका ४ वटा टर्सरी नहरहरु गरी जम्मा ११ वटा टर्सरी नहरहरु, र

तेस्रो समूह : एमएससी नहरको पुछार खण्डबाट निस्केका एउटा डाइरेक्ट टर्सरी नहर र उपशाखा नहरहरु एसएससी ३ र एसएससी ४ बाट निस्केका ५ वटा टर्सरी नहरहरु र बीएससी-२ शाखा नहरको पुछार खण्डबाट निस्केका ३ वटा डाइरेक्ट टर्सरी नहरहरु गरी जम्मा १० वटा टर्सरी नहरहरु

प्रथम, दोस्रो र तेस्रो समूह अन्तर्गत पर्ने टर्सरी नहरहरुको नाम, शाखा नहरहरुको चेनेज र टर्सरी नहरहरुको कमाण्ड क्षेत्र (हेक्टर) तल तालिका ६ मा दिइएको छ।

**तालिका ६**

| प्रथम समूह | | | दोस्रो समूह | | | तेस्रो समूह | | |
|---|---|---|---|---|---|---|---|---|
| एमएससी चेनेज | टर्सरी नहरहरु | कमाण्ड क्षेत्र हेक्टर | एमएससी चेनेज | टर्सरी नहरहरु | कमाण्ड क्षेत्र हेक्टर | बीएससी-२ चेनेज | टर्सरी नहरहरु | कमाण्ड क्षेत्र हेक्टर |
| 0+037 | M R1 | 28 | **2+877** | **SSC2** | | **3+871** | **SSC3** | |
| 0+037 | M L1 | 23 | | S2 L1 | 25 | | S3 R1 | 26 |
| 0+038 | M L2 | 20 | | S2 R1 | 34 | | S3 R2 | 29 |
| **0+607** | **SSC1** | | | S2 L2 | 34 | | S3 L1 | 34 |
| | S1 R1 | 35 | 3+282 | M L4 | 20 | **4+450** | **SSC4** | |
| | S1 R2 | 21 | 3+285 | M L5 | 23 | | S4 L1 | 33 |
| | S1 L1 | 26 | 3+460 | M R3A | 20 | | S4 R1 | 36 |
| 2+253 | M R2 | 31 | | M R3B | 20 | 4+450 | M R4 | 31 |
| 2+534 | M L3 | 38 | | | | | | |
| | | | | | | | | |
| बीएससी-२ चेनेज | | | बीएससी-२ चेनेज | | | बीएससी-२ चेनेज | | |
| 0+013 | B2 L1 | 28 | 1+232 | B2 R2 | 36 | | | |
| 0+014 | B2 R1 | 32 | 1+410 | B2 L3 | 23 | 2+245 | B2 R4 | 30 |
| 1+074 | B2 L2 | 28 | 1+742 | B2 R3 | 36 | 2+761 | B2 L5 | 32 |
| | | | 2+245 | B2 L4 | 32 | 2+761 | B2 R5 | 31 |
| | **जम्मा** | **310** हेक्टर | | **जम्मा** | **303** हेक्टर | | **जम्मा** | **282** हेक्टर |

प्रथम, दोस्रो र तेस्रो समूह अन्तर्गत पर्ने टर्सरी नहरहरु ३साताको रोटेशन चक्रमा संचालन गरिने छन् । पहिलो सातामा प्रथम समूह, दोस्रो सातामा दोस्रो समूह र तेस्रो सातामा तेस्रो समूह अन्तर्गत पर्ने टर्सरी नहरहरु बन्द गरिने छन् । आगामी साताहरुमा यही रोटेशन सिस्टम अनुसार टर्सरी नहरहरु बन्द र खुल्ला गर्ने गरी नहर संचालन गरिने छ । रोटेशन सिस्टमको विवरण तालिका ७ मा दिइएको छ ।

<u>तालिका ७</u>

| | **पहिलो रोटेशन चक्र** | | | | | | | | | **दोस्रो रोटेशन चक्र (क्रमशः)** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो साता | | | दोस्रो साता | | | तेस्रो साता | | | पहिलो साता | | | दोस्रो |
| | बिही | शुक्र | शनि | बिही | शुक्र | शनि | बिही | शुक्र | शनि | बिही | शुक्र | शनि | |
| प्रथम समूहका टर्सरी नहरहरु | बन्द | बन्द | बन्द | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | बन्द | बन्द | बन्द | |
| दोस्रो समूहका टर्सरी नहरहरु | खुल्ला | खुल्ला | खुल्ला | बन्द | बन्द | बन्द | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | |
| तेस्रो समूहका टर्सरी नहरहरु | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | बन्द | बन्द | बन्द | खुल्ला | खुल्ला | खुल्ला | |

### १.२.२ बीएससी-१ शाखा नहरको पानी वितरण तालिका

बीएससी-१ शाखा नहरको सिंचित क्षेत्रमा २२ वटा टर्सरी नहरहरुद्वारा सिंचाई सेवा सुविधा प्रदान गरिएको छ । यी मध्ये १४ वटा टर्सरी नहरहरु बीएससी-१ शाखा नहरबाट डाइरेक्ट निस्केका छन् र बाकी ८ वटा टर्सरी नहरहरु यसका ३ वटा उपशाखा नहरहरुबाट निस्केका छन् ।

सबै टर्सरी नहरहरुमा न्यायोचित र समानुपातिक पानी पुग्ने र पानी वितरण कार्य क्षमता (Water Distribution Efficiency) सम्भावित उच्चतम हुने गरी रोटेशन सिस्टम अनुसार पानी वितरण गर्नको लागि उपरोक्त २२ वटा टर्सरी नहरहरुलाई कमाण्ड क्षेत्र लगभग समान हुने गरी निम्नानुसार ३ समूहमा बाँडिएको छ ।

प्रथम समूह : बीएससी-१ शाखा नहरको शिरान खण्ड (चेनेज ०+००० कि.मी. देखि चेनेज ०+५७३ कि.मी.) बाट निस्केका २ वटा डाइरेक्ट टर्सरी नहरहरु र उपशाखा नहरहरु एसएससी ५ र एसएससी ६ बाट निस्केका ६ वटा टर्सरी नहरहरु गरी जम्मा ८ वटा टर्सरी नहरहरु,

दोस्रो समूह : बीएससी-१ नहरको मध्य खण्ड (चेनेज ०+५७५ कि.मी. देखि चेनेज ३+६१८ कि.मी.) बाट निस्केका ६ वटा डाइरेक्ट टर्सरी नहरहरु र उपशाखा नहरहरु एसएससी ७ बाट निस्केका २ वटा टर्सरी नहरहरु गरी जम्मा ८ वटा टर्सरी नहरहरु, र

तेस्रो समूह : बीएससी-१ शाखा नहरको पुछार खण्डबाट निस्केका ६ वटा डाइरेक्ट टर्सरी नहरहरु

प्रथम, दोस्रो र तेस्रो समूह अन्तर्गत पर्ने टर्सरी नहरहरुको नाम, शाखा नहरहरुको चेनेज र टर्सरी नहरहरुको कमाण्ड क्षेत्र (हेक्टर) तल तालिका ८ मा दिइएको छ ।

## तालिका ८

| प्रथम समूह | | | दोस्रो समूह | | | तेस्रो समूह | | |
|---|---|---|---|---|---|---|---|---|
| बीएससी-१ चेनेज | टर्सरी नहरहरु | कमाण्ड क्षेत्र हेक्टर | बीएससी-१ चेनेज | टर्सरी नहरहरु | कमाण्ड क्षेत्र हेक्टर | बीएससी-१ चेनेज | टर्सरी नहरहरु | कमाण्ड क्षेत्र हेक्टर |
| **0+131** | **SSC5** | | 0+575 | B1 R1 | 17 | 3+943 | B1 L7 | 32 |
| | S5 R1 | 29 | **0+960** | **SSC7** | | 4+501 | B1 L8 | 19 |
| | S5 R2 | 25 | | S7 L1 | 21 | 4+503 | B1 L9 | 21 |
| | S5 L1 | 26 | | S7 R1 | 21 | 4+796 | B1 R3 | 27 |
| | S5 R3 | 28 | 1+517 | B1 L3 | 22 | 5+151 | B1 L10 | 29 |
| 0+556 | B1 L1 | 23 | 1+870 | B1 L4 | 21 | 5+151 | B1 R4 | 28 |
| 0+558 | B1 L2 | 20 | 2+595 | B1 L5 | 24 | | | |
| **0+573** | **SSC6** | | 3+173 | B1 L6 | 32 | | | |
| | S6 R1 | 36 | 3+618 | B1 R2 | 27 | | | |
| | S6 L1 | 24 | | | | | | |
| | **जम्मा** | **211** हेक्टर | | **जम्मा** | **185** हेक्टर | | **जम्मा** | **156** हेक्टर |

प्रथम, दोस्रो र तेस्रो समूह अन्तर्गत पर्ने टर्सरी नहरहरु ३साताको रोटेशन चक्रमा संचालन गरिने छन् । पहिलो सातामा प्रथम समूह, दोस्रो सातामा दोस्रो समूह र तेस्रो सातामा तेस्रो समूह अन्तर्गत पर्ने टर्सरी नहरहरु बन्द गरिने छन् । आगामी साताहरुमा यही रोटेशन सिस्टम अनुसार टर्सरी नहरहरु बन्द र खुल्ला गर्ने गरी नहर संचालन गरिने छ । रोटेशन सिस्टमको विवरण तालिका ९ मा दिइएको छ ।

## तालिका ९

| | पहिलो रोटेशन चक्र | | | | | | | | | दोस्रो रोटेशन चक्र (क्रमशः) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो साता | | | दोस्रो साता | | | तेस्रो साता | | | पहिलो साता | | | दोस्रो |
| | बिही | शुक्र | शनि | बिही | शुक्र | शनि | बिही | शुक्र | शनि | बिही | शुक्र | शनि | |
| प्रथम समूहका टर्सरी नहरहरु | बन्द | बन्द | बन्द | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | बन्द | बन्द | बन्द | |
| दोस्रो समूहका टर्सरी नहरहरु | खुल्ला | खुल्ला | खुल्ला | बन्द | बन्द | बन्द | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | |
| तेस्रो समूहका टर्सरी नहरहरु | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | बन्द | बन्द | बन्द | खुल्ला | खुल्ला | खुल्ला | |

# २. गहूँ बालीको लागि नहर संचालन योजना

## २.१ नेपाल पूर्वी नहरबाट शाखा नहरहरुको लागि

### नेपाल पूर्वी नहरमा पानीको उपलब्धता

नेपाल र भारत बीच भएको गंडक सन्धि (१९५९ ई.) को सन्दर्भमा, नेपाल र भारत सरकार बीच अक्टूबर २७, १९७१ मा भएको मीटिंगमा नेपालले दोन शाखा नहरबाट बर्षभरी (दोन शाखा नहर मर्मत सम्भारको लागि बन्द गरिएको बाहेक) २४.१ घनमीटर प्रति सेकण्ड (८५० क्यूसेक) पानी पाउने सहमति भएको थियो । त्यस्तै, नवम्बर ११, १९७९ मा भएको गण्डक र कोशी उच्चस्तरीय मीटिंगमा दोन शाखा नहर खोल्ने र बन्द गर्ने समयमा निम्नानुसार सहमति भएको थियो :

धानबालीको लागि : दोन शाखा नहर ११ अप्रैलमा खोलिने र ३० अक्टूबरमा बन्द गरिने
गहूँबालीको लागि : दोन शाखा नहर १ दिसम्बरमा खोलिने र १० मार्चमा बन्द गरिने

उपरोक्त सहमतिहरु अनुसार नेपालले भारत (बिहार) को दोन शाखा नहरबाट नेपाल पूर्वी नहर (मूलनहर) को लागि वर्षायाममा धानबालीको लागि दिसम्बर देखि १० मार्च सम्म (दोन शाखा नहर मर्मत सम्भारको लागि बन्द गरिएको बाहेक) २४.१ घनमीटर प्रति सेकण्ड (८५० क्यूसेक) पानी पाउन सक्दछ । तर, नेपाल पूर्वी नहरको सन् २००० देखि २०१० सम्मको पानी मापनको रेकर्ड अनुसार नेपाल पूर्वी नहरमा अधिकतम लगभग २२ घनमीटर प्रति सेकण्ड र औसतमा १५ देखि १६ घनमीटर प्रति सेकण्ड (क्यूमेक) को दरले पानी उपलब्ध भएको देखिन्छ ।

त्यस्तै, सिंचाई विभाग र नारायणी सिंचाई प्रणाली जल उपभोक्ता समन्वय समिति ब्लक नं. ८ बीच भएको सिंचाई व्यवस्थापन हस्तान्तरण सम्झौता पत्रको अनुसूची ८ अनुसार नेपाल पूर्वी नहरबाट निस्किने शाखा प्रशाखा नहरहरुमा डिजाईन डिस्चार्ज बमोजिम पानी उपलब्ध गराईने, तथापि डिजाईन डिस्चार्ज अनुसार पानीको मात्रामा नेपाल पूर्वी नहरको पानीको पानीको उपलब्धताको आधारमा सिंचाई कार्यालयले ५ देखि १० प्रतिशत सम्म थपघट गर्न सक्ने सहमति भएको देखिन्छ ।

### नहर संचालनको वर्तमान अभ्यास

हाल नारायणी सिंचाई व्यवस्थापन डिभिजन ले नेपाल पूर्वी नहर बाट रोटेशन (आलो पालो) सिस्टम अनुसार साताको ३ दिन पर्सा जिल्ला अन्तर्गतको ब्लक १ देखि ६ सम्मको शाखा प्रशाखा नहरहरुमा पानी छोडने र बाकी ४ दिन (१ दिन बाटो म्याद समेत गरी) बारा जिल्ला अन्तर्गतको ब्लक ७ देखि १२ सम्मको शाखा प्रशाखा नहरहरुको लागि पानी छोडने गरेको छ ।

### ब्लक नं. ८ का शाखा प्रशाखा नहरहरुको लागि पानीको उपलब्धता

बर्षे बालीको लागि दोन शाखा नहरबाट छोडिने पानीको सन्दर्भमा नेपाल र भारत बीच भएको उपरोक्त सहमतिहरु र नारायणी सिंचाई व्यवस्थापन डिभिजन  ले लागू गरेको नहर संचालनको वर्तमान रोटेशन प्रणाली तथा सिंचाई विभाग र नारायणी सिंचाई प्रणाली जल उपभोक्ता समन्वय समिति ब्लक नं. ८ बीच भएको सिंचाई व्यवस्थापन हस्तान्तरण सम्झौता पत्रको अनुसूची ८ लाई मध्येनजर राख्दा, नारायणी सिंचाई प्रणाली ब्लक नं. ८ अन्तर्गतका शाखा प्रशाखा नहरहरुले नेपाल

पूर्वी नहरबाट बर्षे बालीको लागि रोटेशन (आलो पालो) सिस्टम अनुसार साताको ३ दिन सम्म नहरको डिजाईन डिस्चार्ज बराबर पानी प्राप्त गर्न सक्दछन् ।

### मूलनहरको पानी आपूर्ति तालिका

नारायणी सिंचाई व्यवस्थापन डिभिजन ले बर्षे बालीको लागि नेपाल पूर्वी नहरबाट ब्लक नं. ८ को शाखा नहरहरुमा **८ दिसम्बर देखि फरवरी मसान्त सम्म** तालिका ४ अनुसार रोटेशन सिस्टम लागू गरी तालिका ५ बमोजिम फुल सप्लाई डिजाईन डिस्चार्ज अनुसार एकमुष्ट पानी आपूर्ति गर्ने छ ।

तालिका ४

| नेपाल पूर्वी नहरबाट निस्केका मूल शाखा नहर र शाखा नहरहरु | पानी बन्द गर्ने दिन र समय | पानी आपूर्ति गर्ने दिन र समय |
|---|---|---|
| एमएससी, बीएससी-१, बीएससी-३, बीएससी-४, बीएससी-५, र बीएससी-६ | प्रत्येक आईतवार बिहान ६ बजे देखि बिहीवार बिहान ६ बजे सम्म (३ दिन ब्लक १ देखि ६ को लागि र १ दिन बाटोम्याद बापत) | प्रत्येक बिहीवार विहान ६ बजे देखि आईतवार बिहान ६ बजे सम्म |

तालिका ५

| क. सं. | नेपाल पूर्वी नहरको चेनेज | शाखा नहरको नाम | कमाण्ड क्षेत्र (हे.) | डिजाईन डिस्चार्ज (लीटर प्रति सेकण्ड) |
|---|---|---|---|---|
| १ | ३१+६६७ | बीएससी-१ | ५५२ | ६५७ |
| २ | ३४+५९१ | एमएससी | ८९५ | १०५५ |
| ३ | ३६+५५७ | बीएससी-३ | ४६४ | ५४६ |
| ४ | ३८+८८१ | बीएससी-४ | २२३ | २६७ |
| ५ | ३९+१८१ | बीएससी-५ | १२९ | १५२ |
| ६ | ४०+७८१ | बीएससी-६ | २६९ | ३१७ |

उपरोक्त अनुसारको पानीको मात्रामा नेपाल पूर्वी नहरको पानीको उपलब्धताको आधारमा सिंचाई डिभिजन कार्यालयले ५ देखि १० प्रतिशत थपघट गर्न सक्ने छ ।

## २.२ शाखा नहरहरुबाट उपशाखा र टर्सरी नहरहरुको लागि

टर्सरी नहरहरुको लागि १ लीटर प्रति सेकण्ड प्रति हेक्टर का दरले पानी आवश्यक पर्ने हिसाब गरी एमएससी र बीएससी शाखा नहरहरुको पानी वितरण कार्य क्षमता (Water Distribution Efficiency) ८५% मानेर ती शाखा नहरहरुको डिजाईन डिस्चार्ज १.१८ लीटर प्रति सेकण्ड प्रति हेक्टर का दरले गणना गरिएको छ । तर एमएससी र बीएससी शाखा नहरहरुमा डिजाईन डिस्चार्ज अनुसार पानी आपूर्ति गर्दा पनि पुछारका टर्सरी नहरहरुमा पानी नपुगेको र कम पानी पुगेको गुनासो जलउपभोक्ता किसानहरुले गर्ने गरेका छन् । शाखा नहरको शिरानका जल उपभोक्ताहरुको बढी पानी लिने प्रवृत्ति र शाखा नहरमा जथाभावी पाईप घुसारी पानी लिने प्रवृत्ति, तथा शाखा नहरको

सिंचाई संरचनाबाट पानी चुहिने एवं बेडमा उम्रेका अत्याधिक झारपातले गर्दा यो समस्या उत्पन्न भएको देखिन्छ ।

त्यसैले, उपरोक्त समस्याहरु प्राय: बिद्यमान रहने वास्तविकता र पुछारका टर्सरी नहरहरुबाट सिंचाई गर्ने जलउपभोक्ता किसानहरुलाई न्यायोचित र समानुपातिक रुपमा पानी दिनु पर्ने आवश्यकताको परिप्रेक्ष्यमा टर्सरी नहरहरुलाई रोटेशन (आलो पालो) गरी पानी वितरण गर्नु आवश्यक छ । तथापि, शाखा नहर अन्तर्गतका टर्सरी नहरहरु बीच गरिने रोटेशन सिस्टम डिजाईन गर्दा सबै टर्सरी नहरहरुमा न्यायोचित र समानुपातिक पानी पुग्ने र पानी वितरण कार्य क्षमता (Water Distribution Efficiency) सम्भावित उच्चतम हुने गरी डिजाईन गर्नु पर्दछ ।

**शाखा नहर अन्तर्गतका टर्सरी नहरहरु बीच रोटेशन सिस्टम लागू गर्दा शाखा नहरहरुमा डिजाईन क्षमता बमोजिम पानी आपूर्ति (सप्लाई) गरिने छ ।**

### २.२.१ एमएससी मूल शाखा नहरको पानी वितरण तालिका

एमएससी मूल शाखा नहरको सिंचित क्षेत्रमा ३१ वटा टर्सरी नहरहरुद्वारा सिंचाई सेवा सुविधा प्रदान गरिएको छ । यी मध्ये १० वटा टर्सरी नहरहरु बीएससी-२ शाखा नहरबाट र बाकी २१ वटा टर्सरी नहरहरु एमएससी नहरबाट डाइरेक्ट र यसका ४ वटा उपशाखा नहरहरुबाट निस्केका छन् ।

सबै टर्सरी नहरहरुमा न्यायोचित र समानुपातिक पानी पुग्ने र पानी वितरण कार्य क्षमता (Water Distribution Efficiency) सम्भावित उच्चतम हुने गरी रोटेशन सिस्टम अनुसार पानी वितरण गर्नको लागि उपरोक्त ३१ वटा टर्सरी नहरहरुलाई कमाण्ड क्षेत्र लगभग समान हुने गरी निम्नानुसार ३ समूहमा बाँडिएको छ ।

प्रथम समूह : एमएससी नहरको शिरान खण्ड (चेनेज ०+००० कि.मी. देखि चेनेज २+५३४ कि.मी.) बाट निस्केका ५ वटा डाइरेक्ट टर्सरी नहरहरु र उपशाखा नहरहरु एसएससी १ बाट निस्केका ३ वटा टर्सरी नहरहरु र बीएससी २ को शिरान खण्ड (चेनेज ०+००० कि.मी. देखि चेनेज १+०७४ कि.मी.) बाट निस्केका ३ वटा टर्सरी नहरहरु गरी जम्मा ११ वटा टर्सरी नहरहरु,

दोस्रो समूह : एमएससी नहरको मध्य खण्ड (चेनेज २+८७७ कि.मी. देखि चेनेज ३+४६० कि.मी.) बाट निस्केका ४ वटा डाइरेक्ट टर्सरी नहरहरु र उपशाखा नहर एसएससी २ बाट निस्केका ३ वटा टर्सरी नहरहरु र बीएससी २ शाखा नहरको मध्य खण्ड (चेनेज १+२३२ कि.मी. देखि चेनेज २+२४५ कि.मी.) बाट निस्केका ४ वटा टर्सरी नहरहरु गरी जम्मा ११ वटा टर्सरी नहरहरु, र

तेस्रो समूह : एमएससी नहरको पुछार खण्डबाट निस्केका एउटा डाइरेक्ट टर्सरी नहर र उपशाखा नहरहरु एसएससी ३ र एसएससी ४ बाट निस्केका ५ वटा टर्सरी नहरहरु र बीएससी-२ शाखा नहरको पुछार खण्डबाट निस्केका ३ वटा डाइरेक्ट टर्सरी नहरहरु गरी जम्मा १० वटा टर्सरी नहरहरु

प्रथम, दोस्रो र तेस्रो समूह अन्तर्गत पर्ने टर्सरी नहरहरुको नाम, शाखा नहरहरुको चेनेज र टर्सरी नहरहरुको कमाण्ड क्षेत्र (हेक्टर) तल तालिका ६ मा दिइएको छ ।

<u>तालिका ६</u>

| प्रथम समूह | | | दोस्रो समूह | | | तेस्रो समूह | | |
|---|---|---|---|---|---|---|---|---|
| एमएससी चेनेज | टर्सरी नहरहरु | कमाण्ड क्षेत्र हेक्टर | एमएससी चेनेज | टर्सरी नहरहरु | कमाण्ड क्षेत्र हेक्टर | बीएससी-२ चेनेज | टर्सरी नहरहरु | कमाण्ड क्षेत्र हेक्टर |
| 0+037 | M R1 | 28 | **2+877** | **SSC2** | | **3+871** | **SSC3** | |
| 0+037 | M L1 | 23 | | S2 L1 | 25 | | S3 R1 | 26 |
| 0+038 | M L2 | 20 | | S2 R1 | 34 | | S3 R2 | 29 |
| **0+607** | **SSC1** | | | S2 L2 | 34 | | S3 L1 | 34 |
| | S1 R1 | 35 | 3+282 | M L4 | 20 | **4+450** | **SSC4** | |
| | S1 R2 | 21 | 3+285 | M L5 | 23 | | S4 L1 | 33 |
| | S1 L1 | 26 | 3+460 | M R3A | 20 | | S4 R1 | 36 |
| 2+253 | M R2 | 31 | | M R3B | 20 | 4+450 | M R4 | 31 |
| 2+534 | M L3 | 38 | | | | | | |
| | | | | | | | | |
| बीएससी-२ चेनेज | | | बीएससी-२ चेनेज | | | बीएससी-२ चेनेज | | |
| 0+013 | B2 L1 | 28 | 1+232 | B2 R2 | 36 | | | |
| 0+014 | B2 R1 | 32 | 1+410 | B2 L3 | 23 | 2+245 | B2 R4 | 30 |
| 1+074 | B2 L2 | 28 | 1+742 | B2 R3 | 36 | 2+761 | B2 L5 | 32 |
| | | | 2+245 | B2 L4 | 32 | 2+761 | B2 R5 | 31 |
| | **जम्मा** | **310** हेक्टर | | **जम्मा** | **303** हेक्टर | | **जम्मा** | **282** हेक्टर |

प्रथम, दोस्रो र तेस्रो समूह अन्तर्गत पर्ने टर्सरी नहरहरु ३ साताको रोटेशन चक्रमा संचालन गरिने छन् । पहिलो सातामा तेस्रो समूह, दोस्रो सातामा दोस्रो समूह र तेस्रो सातामा प्रथम समूह अन्तर्गत पर्ने टर्सरी नहरहरु बन्द गरिने छन् । आगामी साताहरुमा यही रोटेशन सिस्टम अनुसार टर्सरी नहरहरु बन्द र खुल्ला गर्ने गरी नहर संचालन गरिने छ । रोटेशन सिस्टमको विवरण तालिका ७ मा दिइएको छ ।

<u>तालिका ७</u>

| | **पहिलो रोटेशन चक्र** | | | | | | | | | **दोस्रो रोटेशन चक्र (क्रमशः)** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो साता | | | दोस्रो साता | | | तेस्रो साता | | | पहिलो साता | | | दोस्रो |
| | बिही | शुक्र | शनि | बिही | शुक्र | शनि | बिही | शुक्र | शनि | बिही | शुक्र | शनि | |
| प्रथम समूहका टर्सरी नहरहरु | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | बन्द | बन्द | बन्द | खुल्ला | खुल्ला | खुल्ला | |
| दोस्रो समूहका टर्सरी नहरहरु | खुल्ला | खुल्ला | खुल्ला | बन्द | बन्द | बन्द | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | |
| तेस्रो समूहका टर्सरी नहरहरु | बन्द | बन्द | बन्द | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | बन्द | बन्द | बन्द | |
| | | | | | | | | | | | | | |

नोटः तालिका ४ अनुसार आईतवार, सोमवार, मंगलवार र बुधवार पानी उपलब्ध हुने छैन ।

## २.२.२ बीएससी-१ शाखा नहरको पानी वितरण तालिका

बीएससी-१ शाखा नहरको सिंचित क्षेत्रमा २२ वटा टर्सरी नहरहरुद्वारा सिंचाई सेवा सुविधा प्रदान गरिएको छ । यी मध्ये १४ वटा टर्सरी नहरहरु बीएससी-१ शाखा नहरबाट डाइरेक्ट निस्केका छन् र बाकी ८ वटा टर्सरी नहरहरु यसका ३ वटा उपशाखा नहरहरुबाट निस्केका छन् ।

सबै टर्सरी नहरहरुमा न्यायोचित र समानुपातिक पानी पुग्ने र पानी वितरण कार्य क्षमता (Water Distribution Efficiency) सम्भावित उच्चतम हुने गरी रोटेशन सिस्टम अनुसार पानी वितरण गर्नको लागि उपरोक्त २२ वटा टर्सरी नहरहरुलाई कमाण्ड क्षेत्र लगभग समान हुने गरी निम्नानुसार ३ समूहमा बाँडिएको छ ।

प्रथम समूह : बीएससी-१ शाखा नहरको शिरान खण्ड (चेनेज ०+००० कि.मी. देखि चेनेज ०+५७३ कि.मी.) बाट निस्केका २ वटा डाइरेक्ट टर्सरी नहरहरु र उपशाखा नहरहरु एसएससी ५ र एसएससी ६ बाट निस्केका ६ वटा टर्सरी नहरहरु गरी जम्मा ८ वटा टर्सरी नहरहरु,

दोस्रो समूह : बीएससी-१ नहरको मध्य खण्ड (चेनेज ०+५७५ कि.मी. देखि चेनेज ३+६१८ कि.मी.) बाट निस्केका ६ वटा डाइरेक्ट टर्सरी नहरहरु र उपशाखा नहरहरु एसएससी ७ बाट निस्केका २ वटा टर्सरी नहरहरु गरी जम्मा ८ वटा टर्सरी नहरहरु, र

तेस्रो समूह : बीएससी-१ शाखा नहरको पुछार खण्डबाट निस्केका ६ वटा डाइरेक्ट टर्सरी नहरहरु

प्रथम, दोस्रो र तेस्रो समूह अन्तर्गत पर्ने टर्सरी नहरहरुको नाम, शाखा नहरहरुको चेनेज र टर्सरी नहरहरुको कमाण्ड क्षेत्र (हेक्टर) तल तालिका ८ मा दिइएको छ ।

तालिका ८

| **प्रथम समूह** | | | **दोस्रो समूह** | | | **तेस्रो समूह** | | |
|---|---|---|---|---|---|---|---|---|
| बीएससी-१ चेनेज | टर्सरी नहरहरु | कमाण्ड क्षेत्र हेक्टर | बीएससी-१ चेनेज | टर्सरी नहरहरु | कमाण्ड क्षेत्र हेक्टर | बीएससी-१ चेनेज | टर्सरी नहरहरु | कमाण्ड क्षेत्र हेक्टर |
| **0+131** | **SSC5** | | 0+575 | B1 R1 | 17 | 3+943 | B1 L7 | 32 |
| | S5 R1 | 29 | **0+960** | **SSC7** | | 4+501 | B1 L8 | 19 |
| | S5 R2 | 25 | | S7 L1 | 21 | 4+503 | B1 L9 | 21 |
| | S5 L1 | 26 | | S7 R1 | 21 | 4+796 | B1 R3 | 27 |
| | S5 R3 | 28 | 1+517 | B1 L3 | 22 | 5+151 | B1 L10 | 29 |
| 0+556 | B1 L1 | 23 | 1+870 | B1 L4 | 21 | 5+151 | B1 R4 | 28 |
| 0+558 | B1 L2 | 20 | 2+595 | B1 L5 | 24 | | | |
| **0+573** | **SSC6** | | 3+173 | B1 L6 | 32 | | | |
| | S6 R1 | 36 | 3+618 | B1 R2 | 27 | | | |
| | S6 L1 | 24 | | | | | | |
| | **जम्मा** | **211** हेक्टर | | **जम्मा** | **185** हेक्टर | | **जम्मा** | **156** हेक्टर |

प्रथम, दोस्रो र तेस्रो समूह अन्तर्गत पर्ने टर्सरी नहरहरु ३साताको रोटेशन चक्रमा संचालन गरिने छन् । पहिलो सातामा तेस्रो समूह, दोस्रो सातामा दोस्रो समूह र तेस्रो सातामा प्रथम समूह अन्तर्गत पर्ने टर्सरी नहरहरु बन्द गरिने छन् । आगामी साताहरुमा यही रोटेशन सिस्टम अनुसार टर्सरी नहरहरु बन्द र खुल्ला गर्ने गरी नहर संचालन गरिने छ । रोटेशन सिस्टमको विवरण तालिका ९ मा दिइएको छ ।

## तालिका ९

| | पहिलो रोटेशन चक्र | | | | | | | | | दोस्रो रोटेशन चक्र (क्रमशः) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो साता | | | दोस्रो साता | | | तेस्रो साता | | | पहिलो साता | | | दोस्रो |
| | बिही | शुक्र | शनि | बिही | शुक्र | शनि | बिही | शुक्र | शनि | बिही | शुक्र | शनि | |
| प्रथम समूहका टर्सरी नहरहरु | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | बन्द | बन्द | बन्द | खुल्ला | खुल्ला | खुल्ला | |
| दोस्रो समूहका टर्सरी नहरहरु | खुल्ला | खुल्ला | खुल्ला | बन्द | बन्द | बन्द | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | |
| तेस्रो समूहका टर्सरी नहरहरु | बन्द | बन्द | बन्द | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | खुल्ला | बन्द | बन्द | बन्द | |
| | | | | | | | | | | | | | |

**नोटः तालिका ४ अनुसार आईतवार, सोमवार, मंगलवार र बुधवार पानी उपलब्ध हुने छैन ।**

## वि.एस.सि. १

